कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२६० बारा, २०८३ मंसिर ८ गते बुधबार / प्रतिपदा / नेपाल संवत् ११४७ / Wednesday, November 25 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

बाराका एसपी कुँवरको सरूवा, थापा आउँदै



कलैया, ८ मंसिर/जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरको सरुवा भएको छ । उहाँको स्थानमा नेपाल प्रहरी अस्पताल प्रशासन, महाराजगञ्ज, काठमाडौंमा कार्यरत प्रहरी उपरीक्षक कुमारविक्रम थापा आउनुहुने भएको छ ।

एसपी कुँवरको कर्णाली प्रदेश प्रहरी गण, वीरेन्द्रनगर, सुर्खेतमा सरुवा भएको हो । नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागले मंसिर ८ गते गरेको निर्णयअनुसार ६० जना प्रहरी उपरीक्षकहरूको सरुवा गर्ने क्रममा एसपी कुँवरको पनि सरुवा गरिएको हो ।

प्रधान कार्यालयको पत्रअनुसार सरुवा भएका प्रहरी उपरीक्षकहरूले मंसिर महिनादेखि नयाँ दरबन्दीबाट तलब, भत्ता लगायतका सुविधा पाउनेछन् ।

एसपी कुँवरको सरुवासँगै बाराको प्रहरी नेतृत्वमा नयाँ एसपीका रूपमा कुमारविक्रम थापा आउनुहुने भएको छ

गुम्बा मेलाको नाममा निजगढको सिंगौलमा रिसोर्टमा कौडाको खाल संचालन

निजगढ, ८ मंसिर/निजगढ नगरपालिका ३ सिंगौलको गुम्बा मेलाको नाममा स्थानीय एउटा रिसोर्टमा ठूलो रकम हारजित हुने गरी कौडा खेलाइँदै आएको छ ।

गुम्बा मेलाको नाममा सिंगौल रिसोर्टमा मेला सुरु हुन अघिबाट नै जुवा (कौडा) को खाल सुरु भएको हो । मेला परिसरबाट ३ सय मिटर पूर्वमा रहेको सो रिसोर्टमा निजगढ लगायत बारा र रौतहट जिल्लाका विभिन्न स्थानबाट जुवाडेहरु भेला हुने गरेका छन ।

अघिल्ला वर्षहरुमा मेलाको समय परेर धन्सार नदी पारि मकवानपुर जिल्लाको रजुवा क्षेत्रमा कौडा खेलाइने गरिएको भएपनि यो वर्ष मेला परिसरबाट नजिकैको रिसोर्टमा जुवा खेलाइएको हो । 'पहिले पहिले मेला परिसरबाट डेढ किमी पूर्व पर्ने मकवानपुरको रजुवामा लगेर खेलाइन्थ्यो, एक स्थानीयले भने, यो वर्ष भने गाउँकै रिसोर्टमा जुवा भइरहेको छ ।' उनले रातभरि हुने जुवामा लाखौं रुपैयाको हारजित हुने गरेको पनि



बताएका छन ।

प्रहरीले भने मेलामा जुवामा रोक लगाइएको तर रिसोर्टमा हुने गरेको भनिएको कौडा बारेमा आफूहरुलाई अध्यक्ष सुनिल लामाले पनि समितिले मेलामा कौडा, तास र लङ्गुरबुर्जामा खेल्न अनुमति नदिएको तर मेलाको मौका छोपेर अन्यत्र कतै हुने गरेको भनिएको छ ।

मेलामा राष्ट्रिय स्तरका र स्थानीय कलाकारहरुको सांगितिक प्रस्तुतिसंगै विभिन्न किसिमका मनोरंजन र विद्युतीय

नगद र सामान लुटपाट गर्ने २ जना पक्राउ

निजगढ, ८ मंसिर/निजगढ ३ स्थित गुम्बा मेलामा व्यवसायीहरुलाई धम्काएर नगद र सामान लुटपाट गर्ने २ जना युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

मेलामा होटल संचालन गर्दै आएका निजगढ ९ देउराली पथका नारायण नेपाल क्षेत्री र मकवानपुरको बकैया गाँउपालिका सरस्वति डाँडास्ति सरस्वति सरस्वति रिसोर्टको पसलबाट नगद र सामान लुटपाट गरेको आरोपमा निजगढ ३ सिंगौलका २३ वर्षिय गणेश लामा र वर्ष २० का अभिषेक जिम्मालाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय निजगढले जानकारी दिएको छ ।

उनीहरुले आज बिहान ५ बजे होटल संचालकहरुलाई धम्काउँदै क्षेत्रीको होटलबाट ९ हजार ५ सय रुपैया बराबरका खानेकुरा तथा पेय पदार्थ र सरस्वति रिसोर्टको पसलबाट ६ हजार नगदसहित सामान लुटेर लगेका थिए । होटल संचालकहरुलाई धम्काएर नगद र सामान लुटपाट गरेको आरोपमा अस्थायी प्रहरी पोष्ट सिंगौलबाट गएको प्रहरी टोलीले आज दिउसो उनीहरुलाई घरबाटै पक्राउ गरिएको प्रहरी निरीक्षक दाताराम अधिकारीले जानकारी दिनुभयो ।

घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो ।

कुनै सूचना र जानकारी प्राप्त नभएको बताएको छ । 'मेलामा लङ्गुरबुर्जासमेत खेल्न दिएका छैनौं, इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक दाताराम अधिकारीले भन्नुभयो, कौडा खेल्न छुट दिने कुरै हुदैन् ।'

मेला व्यवस्थापन समितिका जुवाको बारेमा आफूहरुलाई कुनै जानकारी नभएको बताउनुभएको छ ।

हरेक वर्ष कार्तिक पुर्णिमाका दिन तामाङ समुदायका श्रद्धालुले मृतआत्माको चिरशान्तिको कामना गर्दै रातभर जाग्राम बसेर गुम्बामा बत्ति बाल्ने र सोही अवसरमा गुम्बा परिसरमा ४ दिनसम्म रात्री मेला लगाइने गरिएको खेल सामग्रीको स्टल राखिएका छन ।

गुम्बामा बत्ति बाल्न र मेला भर्न बारासहित मकवानपुर, रौतहट, पर्सा, सिन्धुली र काभ्रे जिल्लाबाट समेत हजारौं श्रद्धालुहरु आउने गरेका छन ।

गत शनिबार रातिबाट सुरु भएको मेला बुधवार बिहानबाट समापन हुने छ ।

कलैयाका आगलागी पीडितलाई राहत वितरण



कलैया, ८ मंसिर/बाराको कलैया उपमहानगरपालिका मटिअर्वामा आगलागीबाट क्षति व्यहोरेका रतन महरा चमारको परिवारलाई कलैया उपमहानगरपालिकाले राहत सामग्री उपलब्ध गराएको छ ।

पीडित परिवारमा तत्कालको आवश्यकतालाई ध्यानमा राख्दै नगर प्रमुख विनोद साहले वडा नम्बर १० का वडा अध्यक्षको रोहबरमा राहत सामग्री हस्तान्तरण गर्नुभएको हो ।

उपमहानगरपालिकाले पीडित परिवारलाई चार बोरा चामल, खाना पकाउने ग्यास सिलिन्डर, चुलो, भाँडाकुँडा, लत्ताकपडा, कम्बल, त्रिपाल तथा नगद पाँच हजार रुपैयाँ सहयोग प्रदान गरेको छ । मंगलबार बिहान कलैया उपमहानगरपालिका(१० मटिअर्वामा विद्युत् तार सर्ट भएर आगलागी हुँदा करिब चमारको घरमा १० लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ ।

बिहान करिब ३ बजे स्थानीय चमारको घरमा विद्युत् पोलको तार सर्ट हुँदा आगलागी सुरु भएको हो । आगलागीबाट घरभित्र रहेका दुईवटा साइकल, भाँडाकुँडा, अन्नपात, लत्ताकपडा, बाखा तथा गरगहनालगायतका सामग्री पूर्ण रूपमा जलेर नष्ट भएका छन् । आगो फैलिँदा छिमेकी धुरेन्द्र महरा र हरिन्दर रामको घरमा समेत आंशिक क्षति पुगेको छ ।

आगलागीको खबर पाएलगत्तै स्थानीयवासी र सुरक्षाकर्मी उद्धार तथा आगो निभाउने कार्यमा खटिएका थिए । कलैया उपमहानगरपालिका, महागढीमाई नगरपालिका, देवताल गाउँपालिका, प्रहरी चौकी मटिअर्वा र सशस्त्र प्रहरी बल मटिअर्वाको संयुक्त प्रयासमा बिहान करिब ४ बजे आगो नियन्त्रणमा लिइएको थियो ।

सिम्रौनगढबाट ठगी मुद्दामा एकजना पक्राउ

कलैया, ८ मंसिर/बारामा ठगी मुद्दामा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिम्रौनगढ नगरपालिका(६ मा बस्ने अजित कुमार रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार इलाका प्रहरी कार्यालय सिम्रौनगढमा परेको जाहेरीका आधारमा अजितलाई मंगलबार पक्राउ गरिएको हो ।



उनीमाथि ठगी मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरिएको छ । पक्राउ परेका अजितलाई जिल्ला प्रहरी कार्यालय बारामा राखेर थप अनुसन्धान भइरहेको प्रवक्ता घलेले जानकारी दिनुभएको छ

रौतहटमा मादक पदार्थ सेवन गरी सवारी चलाउने दुई चालक पक्राउ, ७ दिनको म्याद थप

रौतहट, ८ मंसिर/रौतहटमा मादक पदार्थ सेवन गरी सवारीसाधन चलाएको आरोपमा प्रहरीले दुई जना चालकलाई नियन्त्रणमा लिएको छ ।

प्रहरीसँग विवाद गर्दै अभद्र व्यवहार गरेको आरोपमा पक्राउ परेका दुवै जनालाई जिल्ला प्रशासन कार्यालय गौरबाट सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप गरिएको छ

जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले सवारीसाधनको कागजात जाँच गर्ने क्रममा मादक पदार्थ सेवन गरी सवारी चलाएको फेला पारेपछि उनीहरूलाई नियन्त्रणमा लिएको हो ।



जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार पहिलो घटना मंसिर ४ गते चन्द्रपुर नगरपालिका(४, जंगलटोलस्थित पूर्व(पश्चिम महेन्द्र राजमार्गमा भएको थियो । पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश ०३(००१ ज ०१४८ नम्बरको यात्रुवाहक विद्युतीय भ्यानलाई प्रहरीले चेकजाँचका लागि रोकेको थियो ।

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

सम्पादकीय.....

ऊर्जासहकार्यकोनयाँफड्को

नेपाल-भारत ऊर्जा सहकार्यमा मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको उद्घाटन तथा हस्तान्तरण एक महत्वपूर्ण उपलब्धि हो ।

सोमबार (मंसिर ७ गते) नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ दिल्लीबाट संयुक्तरूपमा डिजिटल उद्घाटन गरेसँगै बाराको अमलेखगञ्जस्थित नेपाल आयल निगमको प्रादेशिक कार्यालयमा शिलालेख अनावरण गरिएको छ ।

यसअघि डिजेल मात्र आयात हुँदै आएको ६९.७ किलोमिटर लामो पाइपलाइनको पहिलो चरण सञ्चालनमा आएपछि दोस्रो चरणले पेट्रोल र मट्टीतेलसमेत पाइपलाइनबाटै भित्र्याउने बाटो खोलेको छ ।

परियोजनाको दोस्रो चरणमा थप पूर्वाधार निर्माण भई अमलेखगञ्ज टर्मिनललाई आधुनिक र स्वचालित प्रणालीतर्फ अघि बढाइएको छ । ट्याङ्कर(ट्रक लोडिङ सुविधा, भण्डारण क्षमता विस्तार, गुणस्तर नियन्त्रण प्रयोगशाला र सुरक्षा व्यवस्थाको स्तरोन्नतिले इन्धन ढुवानीमा हुने प्राविधिक चुहावट, ढुवानी लागत र ट्याङ्कर निर्भरता घटाउन सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

यससँगै भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्मको पाइपलाइन तथा भण्डारण पूर्वाधारको विषय पनि अगाडि बढ्नुले पूर्वी नेपालको आपूर्ति व्यवस्थामा समेत दीर्घकालीन सुधारको संकेत दिएको छ ।

यद्यपि, भौतिक पूर्वाधार तयार हुनु मात्र पर्याप्त हुँदैन; यसको पूर्ण क्षमताको उपयोग र दिगो सञ्चालन प्रमुख चुनौती हो । पाइपलाइनबाट आउने इन्धनको गुणस्तर परीक्षण, समयमै मर्मत(सम्भार, सुरक्षा मापदण्डको कडाइ र भण्डारण क्षमताको प्रभावकारी व्यवस्थापनमा नेपाल आयल निगम र सम्बन्धित निकाय उत्तिकै चनाखो रहनुपर्छ ।

साथै, अन्तर्राष्ट्रिय बजारको मूल्य उतारचढाव र ढुवानी बचतको लाभ उपभोक्तासम्म पारदर्शी ढंगले पुग्ने संयन्त्र विकास गर्न सके मात्र यो परियोजनाको वास्तविक प्रतिफल देखिन्छ ।

दोस्रो चरणको उद्घाटनले नेपाल-भारतबीचको भौतिक र ऊर्जा कनेक्टिभिटीलाई थप सुदृढ बनाएको छ । अबको ध्यान सम्झौता र उद्घाटनमा मात्र सीमित नभई नियमित सञ्चालन, भरपर्दो आपूर्ति र दक्ष व्यवस्थापनमार्फत ऊर्जा सुरक्षालाई संस्थागत गर्नमा केन्द्रित हुनुपर्छ ।

पूर्वाधारमा वित्तीय उपकरण

अबको आवश्यकता पूर्वाधार विकासमा बजेटको आकार र खर्चको मात्रा बढाउने प्रतिस्पर्धाभन्दा खर्चको गुणस्तर, प्रभावकारिता र आर्थिक प्रतिफल सुनिश्चित गर्ने विकास प्रणाली स्थापित गर्नु हो । यसका लागि आयोजना बैङ्कलाई प्रभावकारी बनाई आर्थिक तथा वित्तीय दृष्टिले सम्भाव्य आयोजनालाई प्राथमिकता दिने, लगानीमैत्री कानुनी तथा नीतिगत वातावरण निर्माण गर्ने, पूर्वाधार कोष र पुँजी बजारको विकास गर्ने तथा स्वदेशी बचतलाई दीर्घकालीन उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिनु पर्छ ।



उद्धव तिम्सिना



कुनै पनि मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणको आधार पूर्वाधार विकास हो । सडक, पुल, जलविद्युत्, सिँचाइ, विमानस्थल तथा औद्योगिक पूर्वाधारले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, बजार विस्तार र लगानी आकर्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछन् तर पूर्वाधार विकासका नाममा खर्चको आकार बढाउनु मात्र आर्थिक समृद्धिको आधार बन्न सक्दैन । त्यस्तो खर्चले उत्पादन लागत कति घटायो, रोजगारी र आय कति बढायो तथा अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमता कति अभिवृद्धि गऱ्यो भन्ने विषय उत्तिकै महत्वपूर्ण हुन्छ । नेपाल जस्तो सीमित आन्तरिक स्रोत र ठुलो विकास आवश्यकता भएको मुलुकमा परम्परागत सरकारी बजेट, आन्तरिक ऋण तथा वैदेशिक सहायतामा मात्र निर्भर रहेर पूर्वाधार विकासको बढ्दो आवश्यकता पूरा गर्न कठिन छ । त्यसैले उपलब्ध स्रोतको अधिकतम उपयोग गर्दै सार्वजनिक तथा निजी क्षेत्रको पुँजी, प्रविधि र व्यवस्थापकीय दक्षता परिचालन गर्ने नवीन वित्तीय उपकरणको अवलम्बन अपरिहार्य बन्दै गएको छ ।

नेपालको आर्थिक सर्वेक्षण २०८२/८३ का तथ्याङ्कले लगानी तथा पूर्वाधार विस्तारको सम्भावना देखाए पनि त्यसको आर्थिक प्रतिफलमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन् । सर्वेक्षण अनुसार चालु आर्थिक वर्षमा कुल लगानी १५.६ प्रतिशतले वृद्धि भई २१ खर्ब सात अर्ब ९० करोड रुपियाँ पुग्ने अनुमान छ भने कुल स्थिर पुँजी निर्माण कुल गार्हस्थ उत्पादनको २६.२६ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७३.५ प्रतिशत रहने अनुमानले पूर्वाधार विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका पुष्टि गर्छ । त्यस्तै २०८२ चैत मध्यसम्म उद्योग क्षेत्रमा ५४ खर्ब ४४ अर्ब रुपियाँको लगानी स्वीकृत भएको, वैदेशिक लगानीतर्फ सात हजार ९५१ परियोजनामा छ खर्ब २५ अर्ब ५८ करोड रुपियाँ लगानी स्वीकृत भएको र सडक सञ्जाल ३६ हजार ८०६ किलोमिटर पुगेको तथ्यले लगानी तथा पूर्वाधार विस्तारको अवस्था देखाउँछ तर कृषि क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर १.५८ प्रतिशतमा सीमित हुने अनुमानले पूर्वाधार विस्तार र वास्तविक उत्पादन वृद्धिबिच अपेक्षित तालमेल कायम हुन नसकेको सङ्केत गर्छ । यसले विकासको प्राथमिकता भौतिक संरचना निर्माणमा मात्र नभई त्यसको उपयोगबाट उत्पादन र आर्थिक गतिविधि विस्तार गर्न केन्द्रित हुनुपर्ने देखाउँछ ।

यस सन्दर्भमा सार्वजनिक निजी साझेदारी (पिपिपी), पूर्वाधार लगानी कोष, बन्ड, ब्लेन्डेड फाइनान्स, हाइब्रिड एन्युटी, हेजिङ तथा सम्पत्ति मौद्रीकरण जस्ता नवीन वित्तीय उपकरण प्रभावकारी हुन सक्छन् । सार्वजनिक निजी साझेदारीले सरकार र निजी क्षेत्रबिच पुँजी, प्रविधि तथा व्यवस्थापकीय जिम्मेवारी बाँडफाँट गर्छ भने पूर्वाधार लगानी कोषले बैङ्क, बिमा कम्पनी तथा संस्थागत लगानीकर्ताको दीर्घकालीन बचतलाई ठुला आयोजनामा परिचालन गर्छ । पूर्वाधार बन्ड, नगरपालिका बन्ड र डायस्पोरा बन्डमार्फत सर्वसाधारण, स्थानीय तह तथा विदेशमा रहेका नेपालीको पुँजी आकर्षित गर्न सकिन्छ । ब्लेन्डेड फाइनान्सले सहुलियतपूर्ण वित्त, व्यावसायिक ऋण र निजी लगानीलाई संयोजन गर्छ भने हाइब्रिड एन्युटीमा सरकार र निजी क्षेत्रले आयोजनाको लागत बाँडेर लगानी गर्छन् । त्यस्तै हरित बन्ड तथा ग्रिन फाइनान्सिङले वातावरणमैत्री पूर्वाधारमा लगानी जुटाउँछन्, हेजिङले विदेशी मुद्रा तथा ब्याजदरको जोखिम न्यूनीकरण गर्छ र सम्पत्ति मौद्रीकरणले सरकारी सम्पत्तिको आर्थिक उपयोगबाट नयाँ स्रोत परिचालन गर्छ । यी उपकरणमार्फत सडक, सिँचाइ, जलविद्युत्, औद्योगिक कोरिडोर, भण्डारण गृह, शीतभण्डार तथा कृषि प्रशोधन केन्द्र जस्ता उत्पादनशील पूर्वाधारमा स्वदेशी र विदेशी पुँजी आकर्षित गर्न सकिन्छ ।

नवीन वित्तीय उपकरणको उपयोगले पूर्वाधार विकासमा नयाँ सम्भावना सिर्जना गरे पनि यसको प्रभावकारी कार्यान्वयन सहज छैन । नीतिगत अस्पष्टता, आयोजना तयारीको कमजोरी, पुँजी बजारको सीमित विकास, निजी क्षेत्रको न्यून विश्वास, जग्गा प्राप्ति, वातावरणीय स्वीकृति र अन्तरनिकाय समन्वयको अभाव प्रमुख चुनौतीका रूपमा रहेका छन् । कमजोर सम्भाव्यता अध्ययन, लागत लाभ विश्लेषण र सम्झौता व्यवस्थापनले लगानीको प्रतिफल घटाउनुका साथै सरकारमाथि दीर्घकालीन वित्तीय दायित्व सिर्जना गर्न सक्छ । त्यसैले आयोजना छनोटदेखि निर्माण र सञ्चालनसम्म आर्थिक तथा वित्तीय प्रतिफल, जोखिम र सम्भावित दायित्वको वैज्ञानिक मूल्याङ्कन गर्नु पर्छ । सडक निर्माणलाई कृषि उत्पादनको बजार पहुँचसँग, सिँचाइलाई कृषि उत्पादकत्वसँग, विद्युत् पूर्वाधारलाई औद्योगिक उत्पादनसँग र औद्योगिक कोरिडोरलाई रोजगारी तथा निर्यात वृद्धिसँग जोड्नु पर्छ । नेपालको एकीकृत राष्ट्रिय वित्तीय रणनीति, २०२६ ले अघि सारेको सार्वजनिक तथा निजी वित्त परिचालनलाई उत्पादनशील रोजगारी, दिगो विकास र आर्थिक रूपान्तरणसँग जोड्ने अवधारणालाई समेत व्यवहारमा उतार्न आवश्यक छ । अबको आवश्यकता पूर्वाधार विकासमा बजेटको आकार र खर्चको मात्रा बढाउने प्रतिस्पर्धाभन्दा खर्चको गुणस्तर, प्रभावकारिता र आर्थिक प्रतिफल सुनिश्चित गर्ने विकास प्रणाली स्थापित गर्नु हो । यसका लागि आयोजना बैङ्कलाई प्रभावकारी बनाई आर्थिक तथा वित्तीय दृष्टिले सम्भाव्य आयोजनालाई प्राथमिकता दिने, लगानीमैत्री कानुनी तथा नीतिगत वातावरण निर्माण गर्ने, पूर्वाधार कोष र पुँजी बजारको विकास गर्ने तथा स्वदेशी बचतलाई दीर्घकालीन उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिनु पर्छ । साथै सार्वजनिक निजी साझेदारीमा जोखिम तथा प्रतिफलको न्यायोचित बाँडफाँट, पारदर्शी सम्झौता, प्रभावकारी नियमन र नतिजामा आधारित अनुगमन सुनिश्चित गर्नु पर्छ । नवीन वित्तीय उपकरण आफैंमा विकासको ग्यारेन्टी होइनन् तिनको सफलता सुशासन, सक्षम संस्था, लगानी सुरक्षा र प्रतिफलमुखी आयोजनामा निर्भर रहन्छ । पूर्वाधारमा परिचालित प्रत्येक रुपियाँले उत्पादन र उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने, निजी लगानी आकर्षित गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्ने र राष्ट्रिय आय तथा राजस्व वृद्धि गर्ने आधार निर्माण गर्न सक्नु पर्छ । अन्ततः विकासको सफलता कति बजेट खर्च भयो भन्नेमा होइन, खर्च भएको बजेटले अर्थतन्त्रमा कति उत्पादन, रोजगारी, आय र मूल्य सिर्जना गऱ्यो भन्नेमा मापन हुनु पर्छ । यही सोचबाट नवीन वित्तीय उपकरणको विवेकपूर्ण उपयोग गर्न सके मात्र पूर्वाधार विकास नेपालको आर्थिक रूपान्तरणको बलियो आधार बन्न सक्छ । **साभार: गोरखापत्र**



एसईई आवेदन फाराम भर्ने म्याद मंसिर २५ सम्म थपियो

काठमाडौँ, ८ मंसिर/कक्षा १० मा अध्ययनरत परीक्षार्थीहरूका लागि एसईई आवेदन फाराम भर्ने समय थपिएको छ।

राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० ले मंगलबार सूचना प्रकाशित गरी दोस्रो पटक म्याद थप गरेको हो ।

गत कात्तिक ९ गते पहिलो पट प्रकाशित सूचना अनुसार एसईई आवेदन फाराम भर्ने म्याद आज (मंसिर ८) सम्म मात्र थियो ।

'कतिपय विद्यालयहरू दसैं, तिहार तथा छठसमेतका महान् पर्वहरूमा बिदा रहेका कारणले समयावधि अपुग भएको भनी विद्यालयहरूबाट म्याद थपका लागि माग भइआएकाले राजस्व बुझाउनेलगायतका अन्य सबै प्रक्रियाका लागि १५ दिन म्याद थप गरिएको (राजस्व बुझाउने अन्तिम मिति २०८३।०८।२५ सम्म) बेहोरा सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ' सूचनामा उल्लेख छ ।

'ग्रेटर नेपालको नक्शा टाँस्ने प्रधानमन्त्री भारत भ्रमणमा चुप लागे' : एमाले महासचिव पोखरेल

दाङ, ८ मंसिर/नेकपा (एमाले) महासचिव शंकर पोखरेलले काठमाडौं महानगर पालिकाको मेयर हुँदा ग्रेटर नेपालको नक्शा कार्यालयमा टाँसेर आफूलाई राष्ट्रियताका पक्षमा प्रस्तुत गर्नुभएका प्रधानमन्त्री वालेन्द्र शाह (वालेन) ले भारत भ्रमणको समयमा चुप लागेको आरोप लागाउनुभएको छ ।

प्रेस चौतारी नेपाल दाङले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै महासचिव पोखरेलले देशको कार्यकारी प्रमुखका हैसियतले दक्षिणको छिमेकी मुलुक भारतको दुई दिने भ्रमणका क्रममा सीमा क्षेत्रको विषयमा ठोस कुरा नहुनुले उहाँ (वालेन)को नक्कली राष्ट्रवाद उदांगो भएको बताउनुभयो ।

'ग्रेटर नेपालको नक्सा मेयर हुँदा कार्यालयमा टाँसेर बस्ने वालेनले प्रधानमन्त्री भएको वेला भारतको औपचारिक भ्रमणका क्रममा कम्तीमा मिचिएका सिमाका बारेमा छलफलको एजेण्डा बनाउनुहुन्छ भन्ने नेपालीहरुको ठूलो अपेक्षा थियो । तर त्यो आपेक्षा पुरा हुन सकेन,' महासचिव पोखरेलले भन्नुभयो, 'नेपालजस्तो देशका लागि गुमेको भूभाग फिर्ता ल्याउने विषय असंभव नैं हो तर सीमाना जोडिएका देशका कार्यकारी प्रमुख बीचको औपचारिक भेटका क्रममा त्यस विषयलाई भावनात्मक रुपमा खेल्ने कोशिस पनि नगर्नु ठूलो आश्चर्यजनक विषय हो ।'

पुर्वतिरबाट पश्चिम तिरबाट हवाई मार्ग हुदै जान पाउने आउन नपाएका हामी नेपालीका लागि पश्चिम तिरको एयर रुटसम्बन्धी सहमति हुनु सकारात्मक भए पनि यसको कार्यान्वयन पक्षलाई कुनै पनैं बताउनुभएका पोखरेलले नेपाल(भारत बीचको सीमा समस्या, सन् १९५० को सन्धि पुनरावलोकन, नेपाली उत्पादनको भारतीय बजारमा सहज पहुँचलगायत विषयमा छलफल हुन नसक्नुले प्रधानमन्त्रीको भ्रमणलाई सफल भएको मान्न नसकिने तर्फ संकेत गर्नुभयो ।

पञ्चायतकालमा समेत यस्तै सहमति भएको स्मरण गराएका पोखरेलले पञ्चायतमा भएको सहमती कार्यान्वयनमा नआएको दावी गर्दै थप्नुभयो, 'प्रधानमन्त्रीले सन् १९५० को नेपाल(भारत सन्धिको विषयमा समेत प्रवेश गर्न सक्नुभएन् । भ्रमणमा नेपाली चिया, अलैंची तथा तरकारी भारतीय बजारमा सहज रूपमा प्रवेश गर्न नसकिरहेको समस्यालाई भ्रमणको एजेण्डामा समेत समेट्न नसक्नुले वर्तमान सरकार जनजीविकाका सवालप्रति अनुदार छ भन्ने पुष्टी मात्रै हुदैन् । नेपालमा भारतबाट आउने उत्पादनले प्राथमिकता पावस्, तर आफ्नो उत्पादन भारतमा पुऱ्याउने कुरामा ध्यान नजावस् भन्नेमा ढुक्क देखिन्छ ।'

द सहारा लोन सेविंग्स को-ऑपरेटिभ सोसाईटी लिमिटेड

मलंगवा, सलाँही

३०औं वार्षिक साधारण सभा

बस्ने बारेको अत्यन्त जरुरी सूचना !

प्रथम पटक कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिति २०८३ / ०६ / २९

आदरणीय शेयर सदस्य महानुभावहरु,

यस संस्थाको मिति २०८३/०६/२६ गतेका दिन बसेको संचालक समितिको बैठकबाट भएको निर्णयानुसार तथा सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ अनुसार यस संस्थाको ३०औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा मिति २०८३/०६/२६ गते सम्ममा संस्थाको शेयर सदस्यता प्राप्त गरेको शेयर सदस्य महानुभावहरु साथै विभिन्न सेवा केन्द्रहरुबाट तोकिएका प्रतिनिधि सदस्य ज्यूहरुले आ-आफुले प्राप्त गरेको शेयर सदस्यता परिचय-पत्र वा शेयर प्रमाण-पत्र अनिवार्य रुपले साथमा लिई तोकिएको स्थानको साधारण सभामा उपस्थित हुन आउन विनम्र अनुरोध गरिन्छ ।

तपसिल

एकाई	मिति	समय	स्थान	सेवा केन्द्रहरु तथा सम्पर्क कार्यालय
१	२०८३/०८/१५	११:०० बजे	से.के. इटहरी	इटहरी (सुनसरी), धरान (सुनसरी), दमक (झापा), बिराटनगर (मोरंग)
२			से.के. सहान	सहान (सिरहा), गाईघाट (उदयपुर), राजबिराज (सप्तरी), कंचनपुर (सप्तरी)
३			से.के. जनकपुर	जनकपुर (धनुषा), जलेश्वर, बर्दिवास (महोत्तरी), कटारी (उदयपुर), कमलामाई (सिन्धुली)
४			से.के. बिरगंज	बिरगंज (पर्सा), सिमरा (बारा), हेटौंडा (मकवानपुर), सानेपा (ललितपुर)
५			से.के. कलैया	कलैया (बारा), गौर (रौतहट), गरुडा (रौतहट), निजगढ (बारा)
६	२०८३/०८/२६	११:०० बजे	प्र.का. मलंगवा (होटल कुसुम प्यालेस)	प्र.का. मलंगवा, सेवा केन्द्र बरहथवा, हरिवन, ईश्वरपुर, हरिपुर्वा, धनकौल, सिसौट, लालबन्दी तथा एकाई नं. १ देखी ५ सम्मको छनौट प्रतिनिधीहरु

छलफलका विषयहरु :

१. संचालक समिति ०८२/०८३ वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।
२. संचालक समिति बैठकको निर्णयहरु पारित सम्बन्धमा ।
३. आ.व. ०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आ.व. ०८४/०८५ को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन सम्बन्धमा ।
५. आ.व. ०८३/०८४ को लागी लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. शेयर लाभांश वितरण सम्बन्धमा ।
७. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८. कोषको रकम समायोजन सम्बन्धमा ।
९. कार्यक्षेत्र विस्तार सम्बन्धमा ।
१०. सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
११. संस्थाको नियमावली तथा निर्देशिकाहरु संशोधन अनुमोदन सम्बन्धमा ।
१२. संस्थाको विनियम संशोधन सम्बन्धमा ।
१३. संचालक समिति/लेखा सुपरीवेक्षण समितिको बैठक भत्ता अनुमोदन सम्बन्धमा ।
१४. कर समपरिक्षणको नियुक्ती र पारिश्रमिक सम्बन्धमा ।
१५. प्रमुख कार्यकारी अधिकृत (महाप्रबन्धक) को पारिश्रमिक अनुमोदन सम्बन्धमा ।
१६. एकाई साधारण सभाको निर्णय तथा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधी छनौट सम्बन्धमा ।
१७. विविध ।

द
संचालक समितिको आज्ञाले
नागेन्द्र प्रसाद चौधरी
महाप्रबन्धक

हतकडी लिएर पक्राउ गर्न आउन गगनको थापाको चेतावनी

काठमाडौँ, ८ मंसिर/नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफूलाई पक्राउ गर्न आउँदा हतकडी लिएर आउन सरकारलाई चुनौती दिनुभएको छ । मंगलबार पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकमा थापाले आफूलाई यस्तो चुनौती दिनुभयो ।

विपक्षीलाई तर्साएर आफ्ना बचाउनेविरुद्ध हिजो पनि प्रश्न उठाएको भन्दै वर्तमान सरकारलाई पनि प्रश्न गर्ने बताउनुभयो । प्रधानमन्त्री वानेन्द्र शाहको सचिवालयले आफूलाई पक्राउ गर्न प्रहरीबाट निगरानी बढाएको संकेत गर्दै थापाले खाली हात नआउन भन्नुभयो

'मलाई समाउने भन्छन् । पक्राउ गर्न आउँदा खाली हात नआउनुहोला, हतकडी लिएर आउनु । खाली हात चाही जान्नँ । यत्ति कुरा हो । न कांग्रेसले आफ्नो चरित्र लुज गर्छ न कांग्रेसको नेतृत्वले चरित्र लुज गर्छ । हामीले ठीक प्रश्न गर्न छाडौं भने, हामीलाई सकैले तर्साएर तर्सन थाल्यौं भने कांग्रेस होइन । हिजो बलले तर्साउन खोजिन्थ्यो आज सामाजिक सञ्जालले तर्साउन खोजिन्छ । प्रश्न गर्न छोड्दिनँ, तर्साएर तर्सिने मान्छे होइन,' उहाँले भन्नुभयो ।

रौतहटमा मादक....

उक्त भ्यानका चालक चन्द्रपुर नगरपालिका(६, मोतियाहीका चन्दु चौधरीले मादक पदार्थ सेवन गरेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । सवारीसाधनको कागजात माग गर्दा उनले ड्युटीमा खटिएका प्रहरीसँग विवाद गर्नुका साथै अभद्र व्यवहार गरेको प्रहरीको आरोप छ ।

त्यस्तै, अर्को घटना मंसिर ६ गते बिहान चन्द्रपुर नगरपालिका(६, बजारटोलस्थित चन्द्रनिगाहपुर(गौर सडकखण्डमा भएको थियो । दक्षिणबाट उत्तरतर्फ आउँदै गरेको माउन्ट एभरेस्ट विद्यालय, चन्द्रनिगाहपुरको विद्यार्थी बोकेको प्रदेश ०२-००१ क १४४६ नम्बरको बसलाई प्रहरीले जाँचका लागि रोकेको थियो ।

बसका चालक गुजरा नगरपालिका(२, हरिहरपुरका मिलन जिम्बाले समेत मादक पदार्थ सेवन गरेको अवस्थामा सवारी चलाएको पाइएपछि नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार दुवै घटनामा चालकहरूले सवारीसाधनको कागजात देखाउनुको सट्टा प्रहरी टोलीसँग विवाद गर्दै अशब्द प्रयोग गर्नुका साथै अभद्र व्यवहार गरेका थिए ।

पक्राउ परेका दुवै चालकलाई सोमबार अबेर जिल्ला प्रशासन कार्यालय गौरबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिना डिसेम्बर १६ मा स्वदेश फर्किने

काठमाण्डौं,८ मंसिर/बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफू आउँदो डिसेम्बर १६ मा भारतबाट स्वदेश फर्कने बताउनुभएको छ । बङ्गलादेशमा यस दिन 'विजय दिवस' मनाइन्छ । पाकिस्तानसँगको युद्धपछि सन् १९७१ मा यही दिन बङ्गलादेशले स्वतन्त्रता प्राप्त गरेको थियो ।

बङ्गलादेशकी पूर्वप्रधानमन्त्री हसिनाले आज आफ्नो फिर्तीको मिति घोषणा गर्नुभएको हो । उहाँले वर्तमान प्रधानमन्त्री तारिक रहमानलाई राष्ट्रिय वायुसेवामार्फत आफ्नो फिर्तीको प्रबन्ध मिलाइदिन आग्रह गर्नुभएको समाचार संस्था एएफपीले जनाएको छ ।

हसिनाले आफ्नो स्वदेश फिर्तीलाई एक राजनीतिक सन्देशका रूपमा प्रस्तुत गर्न खोजेको देखिँदा यो मिति निकै सोचविचार गरेरै रोजिएकोजस्तो देखिन्छ । यद्यपि बङ्गलादेशमा सबैभन्दा लामो समयसम्म प्रधानमन्त्री रहेकी हसिनाका लागि स्वदेश फर्कने बाटो भने निकै कठिन र चुनौतीपूर्ण देखिन्छ ।

सन् २०२४ को विद्यार्थी आन्दोलनबाट सत्ताच्युत भएपछि हसिनाभारतमा निर्वासनमा रहँदै आउनुभएको छ ।

प्रदर्शनकारीमाथि भएको घातक दमनका लागि जिम्मेवार ठहर गर्दै सन् २०२५ मा विशेष न्यायाधिकरणले हसिनालाई मानवताविरुद्धको अपराधमा मृत्युदण्ड सुनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनअनुसार घटनामा झन्डै १ हजार ४०० जनाको ज्यान गएको थियो । हसिनाले भने आरोप अस्वीकार गर्दै फैसलाको वैधतामाथि प्रश्न उठाउनुभएको छ ।

हसिना सत्ताच्युत भएपछि मुहम्मद युनुस नेतृत्वको अन्तरिम प्रशासनले १८ महिना शासन गरेको थियो । गएको फेब्रुअरीमा भएको चुनावबाट खालिदा जियाका छोरा तारिक रहमान सत्तामा आउनुभएको छ ।



जीतपुरसिमरा १८ मा दुईदिने नि:शुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न



बारा, ८ मंसिर/जीतपुरसिमरा उपमहानगरपालिका(१८ लामीडाँडास्थित बालबालिका आधारभूत विद्यालयमा दुईदिने नि:शुल्क स्वास्थ्य जाँच शिविर सम्पन्न भएको छ ।

विदेशी विशेषज्ञ चिकित्सकहरूको समेत उपस्थिति रहेको शिविरबाट पाँच सय ५० जनाभन्दा बढी स्थानीयवासीले उपचार सेवा लिएका छन् । वडा नं. १८ को कार्यालयको सहकार्य तथा नयाँ ज्योति नेपाल ललितपुरको आयोजनामा शिविर सम्पन्न भएको हो ।

शिविरको उद्घाटन वडा नं. १८ का अध्यक्ष चतुरबाबु वाग्लेले गर्नुभएको थियो । शिविरमा डा. सुप्रिमा सिंह महर्जन, डा.अब्रिक मानन्धर, दन्त चिकित्सक डा.रितिका श्रेष्ठ, बालरोग विशेषज्ञ डा. चान इकेडा राक्वेल र डा. माइकल हिलीले बिरामीहरूको स्वास्थ्य जाँच गरेका थिए ।

शिविरमा दन्त समस्या, मधुमेह र उच्च रक्तचापलगायत नसर्ने रोगको उपचारसँगै ढाड तथा कम्मर दुख्ने, जोर्नी दुख्ने, आँखा सुख्खा हुने, छालामा दाग तथा बिमिरा आउने र पाइल्सको समस्या भएका बिरामीहरूको परीक्षण गरी आवश्यक स्वास्थ्य परामर्श दिइएको थियो ।

सेवा लिएर फर्किने बिरामीहरूलाई आयोजक संस्थाका तर्फबाट न्यानो टोपी, पञ्जा, क्याप टोपी, दाँत माझ्ने ब्रस र मञ्जन तथा कम्मर दुखाइबाट राहत दिने कम्मर बेल्टलगायतका स्वास्थ्य तथा दैनिक उपयोगी सामग्रीहरूसमेत वितरण गरिएको थियो ।

पोखरीमा डुबेर बालकको मृत्यु

सर्लाही, ८ मंसिर/सर्लाहीको चन्द्रनगर गाउँपालिका(१ निमटोलमा सोमबार दिउँसो पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ । जिल्लाको चक्रघट्टा गाउँपालिका(३ सुन्दरपुर घर भइ निमटोलस्थित हजुरबुवाको घरमा बस्ने अवलैश शेखको छोरा दुई वर्ष पाँच महिनाका गौसे आजमको पोखरीमा डुबेर मृत्यु भएको हो ।

बालकलाई छिमेकी फनु रायको पोखरीमा डुबिरहेको देखेपछि आमा फिरजाना खातुनले देखेपछि तत्काल पोखरीबाट निकालेर अस्पताल लगिएको थियो । गाउँको गुरु दयाल क्लिनिकमा लैजाँदा बालकलाई मृत घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो ।

किशोरीलाई जबरजस्ती करणीको आरोपमा हेटौंडा अस्पतालका डाक्टर पक्राउ

हेटौंडा, ८ मंसिर/किशोरीलाई जबरजस्ती करणी गरेको आरोपमा हेटौंडा अस्पतालमा कार्यरत एक चिकित्सक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको विष्णुपुर गाउँपालिका(४ घर भई हाल हेटौंडा उपमहानगरपालिका(९ पशुपतिनगर नजिक डेरा गरी बस्दै आएका ३१ वर्षीय प्रियम यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार १९ वर्षीया किशोरीमाथि जबरजस्ती करणी गरेको आरोपमा यादवलाई गत मंसिर ६ गते राति पक्राउ गरिएको हो ।

पीडित किशोरीले सोही दिन साँझ ७ बजेर ५५ मिनेटमा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा घटनाबारे जानकारी गराएकी थिइन् । त्यसलगत्तै प्रहरीले यादवलाई हेटौंडा अस्पतालबाटै नियन्त्रणमा लिएको जनाइएको छ ।

पक्राउ परेका यादवलाई प्रहरी हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुरमा दुई थान भरुवा बन्दुकसहित एक जना पक्राउ

हेटौंडा ८ मंसिर/मकवानपुरको भीमफेदी गाउँपालिका(१ रातोमाटेबाट प्रहरीले दुई थान भरुवा बन्दुकसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भीमफेदी गाउँपालिका(१ रातोमाटे निवासी ३५ वर्षीय पञ्चबहादुर थिङ रहेका छन् । उनलाई प्रहरीले सुमन भन्ने नामले समेत चिनिने जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर, वडा प्रहरी कार्यालय हेटौंडा र प्रहरी चौकी भैंसेबाट खटिएको प्रहरी टोलीले मंसिर ८ गते बिहान कुटपिटमा संलग्न व्यक्तिहरूको खोजी तथा पक्राउ गर्ने क्रममा थिङको घरमा खानतलासी गरेको थियो । बिहान करिब ६ बजे उनको घरभित्र खाटमुनि बोरामा लुकाएर राखिएको अवस्थामा दुई थान चालु अवस्थाका भरुवा बन्दुक फेला परेको प्रहरीले जनाएको छ ।

बन्दुक बरामद भएपछि इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक सनम मल्लको कमान्डमा अनुसन्धान टोली घटनास्थल पुगेको थियो । टोलीले आवश्यक मुचुल्का तयार गरी बन्दुक र थिङलाई नियन्त्रणमा लिएको हो ।



प्रहरीले थिङलाई बिहान ९ बजेर ५ मिनेटमा जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याएको जनाएको छ । बरामद बन्दुकसहित पक्राउ परेका थिङमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

धनुषामा ट्याक्टरबाट लडेर एक बालकको मृत्यु

जनकपुरधाम, ८ मंसिर/धनुषामा ट्याक्टरबाट लडेर एक बालकको मृत्यु भएको छ ।

धनुषाको कमला नगरपालिका(२, सराबेस्थित हुलाकी सडकखण्डमा आज दिउँसो ट्याक्टरबाट लडेर हँसपुर नगरपालिका(९, रुदौलीका १४ वर्षीय जिसान्त कुमार मण्डलको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता ओमप्रकाश खनालले मधेश प्रदेश ०२(००१ त ३१९९ नम्बरको ट्याक्टर पछाडि गर्ने क्रममा त्यसमा सवार मण्डल सडकमा खसेको बताउनुभयो ।

सोही क्रममा पछाडिको चक्काले टाउकोमा लाग्दा महतो गम्भीर घाइते भएको जानकारी दिनुभयो । उहाँका अनुसार घटनालगत्तै प्रहरी टोलीले मण्डललाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएको थियो ।

अस्पतालमा चिकित्सकले मण्डललाई मृत घोषणा गरेको हो । प्रवक्ता खनालले मृतकको शव प्रादेशिक अस्पतालको शवगृहमा राखिएको बताउँदै प्रहरीले ट्याक्टर र चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जानकारी दिनुभयो ।

अयोध्याधाम-जनकपुरधाम जोड्ने 'सरयू कमला एक्सप्रेस' रेल जनकपुरधाम आइपुग्यो

जनकपुरधाम, ८ मंसिर/भारतको अयोध्याबाट 'सरयू कमला एक्सप्रेस' मंगलबार जनकपुरधाम आएको छ । प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा सोमबार उद्घाटन गरिएको अयोध्याधाम(जनकपुरधाम रेल सेवा अन्तर्गत पहिलो पटक यात्रु बोकेर रेल जनकपुर आएको हो ।

प्रधानमन्त्री शाह र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गर्दै रेल सेवा सुरु गरेका थिए । उद्घाटनपछि करिब एक हजार यात्रु बोकेर जनकपुरधाम आएको रेललाई धुमधामका साथ स्वागत गरिएको थियो । स्वागतका लागि मधेसका मुख्यमन्त्री सरोज यादव, संघीय सरकारका श्रममन्त्री रामजी यादवलगायत पुगेका थिए ।

सातामा एक दिन सञ्चालन हुने यस रेल सेवाले नेपाल र भारतबीचको धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।

सिन्धुलीमा गुडिरहेको जिपको ढोकाबाट खसेर एकजनाको मृत्यु

काठमाण्डौं,८ मंसिर/सिन्धुलीमा गुडिरहेको जिपको ढोकाबाट खसेर एक जनाको मृत्यु भएको छ ।

जिल्लाको कमलामाई नगरपालिका(२ भद्रकालीस्थित भित्री सडक खण्डमा जिपको ढोकाबाट खसेर सिन्धुलीकै घ्याङलेख गाउँपालिका(४ बन्दीपुर बस्ने ५८ वर्षीय मानध्वज योञ्जनको मृत्यु भएको हो ।

घ्याङलेखबाट सिन्धुलीतर्फ जाँदै गरेको बा. २१ च ८३२५ नम्बरको डबल क्याप बोलेरो जिपबाट खस्दा उनी गम्भीर घाइते भएका थिए । जिपको लक समातेर बसेको अवस्थामा अचानक लक खुल्दा उनी ढोकाबाट खसेर घाइते भएका थिए । योन्जनलाई सोही गाडीमार्फत उपचारका लागि जिल्ला अस्पताल सिन्धुली पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेका हुन् ।

दुर्घटनापछि चिज चालक सिन्धुलीको कमलामाई नगरपालिका(५ सिलामे बस्ने २४ वर्षीय टेकबहादुर स्याङ्बोलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय सिमरा, बारा

मालपोत कार्यालय सिमरा बाराबाट प्रकाशन भएको ३५ दिने सार्वजनिक सुचना

मिति : २०८३/०८/०७

प्रस्तुत विषयमा जिल्ला बारा गा.वि.स. फत्तेपुर वडा नं. ६ हाल जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १२ बस्ने ब्रहमदेव राय थारुको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा निज ज.ध.को २०७३/०५/२० गते मृत्यु भै मृत्यु पश्चात शेषपछिको हकखाने पत्नी भदिया देवीको समेत मिति २०३६/१०/०५ गते मृत्यु भै हकखाने छोराहरु नाता पर्ने ऐ.ऐ.ठेगानामा बस्ने निवेदक ज्ञानी राय थारु, सेथाई राय थारु, उमेश शंकर राय र ओम प्रकाश चौधरीले श्रेस्ता कायम गरी नामसारी गरि पाउ भनि द.न. २५३० मिति २०८३/०७/२० को संयुक्त निवेदन पेश गर्नु भएकोमा तपसिल जग्गाको मोठ श्रेस्ता फेला नपरेको भनि सम्बन्धित फाँटबाट देखि आएको सन्दर्भमा यो ३५ दिने सार्वजनिक सुचना प्रकाशन गरिएको छ । मृतक ज.ध. ब्रहमदेव राय थारुको हकखाने अन्य कोहि हकदार भएमा वा सो जग्गाको श्रेस्ता कायम गरी निवेदक ज्ञानी राय थारु समेतको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाण सहित उजुर दावी गर्न आउनु हुन भनी सम्बन्धित सबैको जानकारी लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

जिल्ला	गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	दर्तावाल
बारा	फत्तेपुर	५	१४६	०-५-०	ब्रहमदेव राय थारु

मानव अधिकारको सम्मान गरौं

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- मानव अधिकारको उल्लंघन भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक:के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, व्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:-kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज ,पर्सा ०५१-५९१८७३